अनुसूची ४

(बुदा ११ संग सम्वन्धित)

जिल्ला विकास समिती कपिलवस्तुको सामाजिक परिक्षणको प्रतिबेदन

बाणगंगा नगरपालिका वडा नं १० कपिलवस्तु

२०७२ कार्तिक ३०

श्री स्थानीय विकास अधिकारी ज्यू

जिल्ला विकास समितीको कार्यलय कपिलवस्तु

विषय : सामाजिक परिक्षणको प्रतिबेदन पेश गरिएको वारे ।

प्रस्तुत सम्वन्धमा यस कपिलवस्तु मिडिया एजेन्सी कमन नेपालद्धारा सहजीकरण र ब्यवस्थापन गरिएको जिल्ला विकास समितीको समाजिक परिक्षण २०७२ को कार्यसंपादन प्रतिबेदन यसै पत्रका साथ पेश गरिएको ब्यहोरा अवगत गराउछौं ।

संलग्न कागजातहरु :

१) कार्य संपादन प्रतिबेदन अनुसूची ४को बुदा ११ वमोजिम –थान १

२) उपस्थिती विवरणको प्रतिलिपी –थान १

३) समाबेशी सहभागिताको वर्गिकृत विवरण–थान १

४)फोटो तथा भिडियो डकुमेण्ट –थान १

.....

भेषराज पाण्डे

सामाजिक परिक्षक

अनुसूची ४
(बुदा ११ संग सम्वन्धित)

जिल्ला विकास समिती कपिलवस्तुको सामाजिक परिक्षणको प्रतिबेदन
बाणगंगा नगरपालिका वडा नं १० कपिलवस्तु
२०७२ कार्तिक ३०

१.पृष्ठभूमी :

२)सामाजिक परिक्षणको उदेश्य :

-

३) अध्ययन विधी :

१) सर्वेक्षण विधी
२) अनुसूची विधी
३) स्थलगत अवलोकन र निरिक्षण विधी
४) पुस्तकालय विधी -प्रतिवेदन समिक्षा
५) अन्तरवार्ता विधी

४) अध्ययनको सिमा :

सामाजिक परिक्षण वास्तवमै स्थानीय निकाय र विषयगत कार्यलयले सामाजिक जिम्मेवारी वहन गर्दा प्राप्त भएका उपलब्धी चुनौती,कमी कमजोरी तथा सुझाव केन्द्रित हुनेगर्छ । त्यसैले यसकै लागि ती निकायको कामको खोज अनुसान्धानवाट प्राप्त सूचकमा आधारीत भई तैयार पारिएको प्रतिवेदन माथिको छलफल नै यसको सिमा हो ।

५)बृहत्त छलफल कार्यक्रमको विवरण :

मिति: २०७२।७।३०	स्थान : बा.न.पा. १० गजेहडा	समय : विहान १२ देखि अपरान्ह ४ सम्म
कुल सहभागिता :११७.	महिला :३४	पुरुष :८३
दलित : ५	जनजाती :२२	अन्य :९०

६) स्थानीय निकाय, विषयगत कार्यलय र गैससको विवरण :

स्थानीय निकाय :

- जिविस कपिलवस्तु ।
- वाणगंगा नगरपालिकाको कार्यलय कपिलवस्तु ।

विषयगत कार्यलय :

- जिल्ला स्वास्थ्य कार्यलय कपिलवस्तु
- जिल्ला शिक्षा कार्यलय
- जिल्ला वन कार्यलय कपिलवस्तु
- जिल्ला कृषि विकास कार्यलय कपिलवस्तु
- महिला तथा वालवालिकाको कार्यलय ।
- जिल्ला पशुसेवा कार्यलय

गैसस कार्यलय :

- यू.एन.एफ.पि.ए

- एल.जि.सि.डि.पि.
- शिद्धार्थ सामाजिक विकास केन्द्र
- माउण्ट एभरेष्ट विकास केन्द्र
- वडा नागरिक मञ्च

७)सामाजिक परिक्षणमा देखिएका सवल पक्षहरु :

- जिविस सहितका ८ वटा विषयगत कार्यलय मध्ये ७ वटा कार्यलयको उपस्थिती हुनु ।
- सहभागिका लागि सूचना प्रवाह पत्राचार,टेलिफोन मार्फत फलोअप राम्रो हुनु ।
- १ सय २० बढी विभिन्न क्षेत्रका महानुभावको सघन उपस्थिती हुनु ।
- व्यवस्थित आसन र प्रभावकारी सहजीकरण हुनु ।
- खोजमुलक सूचक सहितको प्रतिवेदन प्रस्तुत हुनु ।
- सबै कार्यलयका प्रतिनिधीले उठेका सवालको सही संवोधन गर्नु ।
- सामाजिक परिक्षणवाट उचित जनसन्तुष्ठि रहेको मापन हुनु ।

८)सामाजिक परिक्षणमा देखिएका चुनौती वा कमीकमजोरीहरु :

- विषयगत कार्यलय मध्ये खानेपानी तथा सरसफाई कार्यलयको प्रतिनिधित्व नहुनु ।
- सअभागिताको पूर्व अनुमान भन्दा वढी उपस्थिती हुदा सामाजिक परिक्षण स्थलमा केहि समय असुविधा पैदा हुनु ।
- राजनैतिकदलका प्रतिनिधीले नै सामाजिक परिक्षणको मुल्य र मान्यता नबुझेको व्यवहार हुनु ।
- सहभागिहरुमा जिज्ञाशा राख्ने क्रम पूर्ण व्यवस्थीत नहुनु ।सरोकारवाला पक्षले वोल्दा वोल्दै पुन प्रश्नोत्तरको क्रम दोहोरीनु ।

९) सामुदायीक जिम्ममेवारी पुरागर्नु पर्ने स्थानीय निकायले चाल्नु पर्ने कदम वा सुझावहरु :

- वातावरण परिक्षण रिपोर्टका आधारमा मात्र नदी जन्य निकासी गरिनु पर्ने ।
- चटटा प्रथाले ठेकेदारहरुलाई मात्र फाइदा पुगेकोले हटाउनु पर्ने ।
- नदीजन्य पदार्थ र बन पैदावारको चोरी निकासी वढेकाले रोक्नु पर्ने ।
- राजनैतिकदलको दवावमा वजेट भागवण्डा हुने काम रोकिन नसकेको ।
- जिविसका कतिपय कर्मचारीहरु जनसेबी हुन नसकेकोले सचेत पार्नु पर्ने ।
- अपाङमैत्री विकास निर्माणमा जिविसले निर्देशन दिनु पर्ने ।
- पछिल्लो चरणमा वनेका पुल तथा वाटोहरु गुणस्तरहिन रहेकाले छानविन हुनु पर्ने ।
- उपभोक्ता समितीवाट हुने काम अपारदर्शी भएकाले अनुगमन प्रभावकारी हुनु पर्ने ।
- जिल्ला कृषि विकास कार्यलयको काम अझ किसानमुखी वनाइनु पर्ने ।
- आदीवासी जनजाती समुदायको वजेट विनियोजन भएर पनि निकासा नहुनु दुखद ।
- खुल्ला दिशामुक्त गाविस घोषणा मात्र हुने अनुगमन नहुने समस्या देखापर्नु ।
- कृषिउपजको वजार व्यवस्थापनमा जिविसले जोड दिनु पर्ने ।
- वाणगंगा नदीको पुल धरापमा परेकाले तत्काल भरपार्दो प्राविधिक जाच गराउनु पर्ने ।
- बाणगंगा र बुद्धवाटीका नगरपालिकालाई छिटटै खुलादिशामुक्त र पूर्ण साक्षर घोषणा गर्नु पर्ने ।

सामाजिक परिक्षकको नाम :भेषराज पाण्डे

सस्थाको नाम :कपिलवस्तु मिडिया एजेन्सी(कमन नेपाल)

दस्तखत :

मिति: २०७२।८।४